# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, असार २० गते २०६२ साल (संख्या १२

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत शिक्षण अस्पताल महाराजगञ्जको PCR Test तथा अनुसन्धानको लागि नर्वेस्थित वर्गेन विश्वविद्यालय (University of Bergen बाट उपहारस्वरुप प्राप्त हुने अमेरिकी डलर ४२३५।७५ मूल्य बराबरका चिकित्सा सामाग्रीहरू आयात गर्दा भन्सार महसूल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसूल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्री नमोबुद्ध बौद्ध धर्म ध्यान तथा शिक्षा केन्द्र नामको गैरसरकारी संस्थालाई दातृ संस्था Vat Bovoranives Bihara, Thai-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

land बाट काभ्रेपलाञ्चोक जिल्लाको श्यामपाटी नमोबुद्धमा रहेको ठांगु-टासी छो चालिङ्ग गुम्बामा प्रतिस्थापन गर्न उपहार स्वरुप प्राप्त हुने थाई भाट १,००,०००।– (एक लाख) मूल्य बराबरका १,००० थान बुद्धको मूर्ति-हरू आयात गर्दा भन्सार महसुल १ प्रतिशत असुल गरी बांकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

100

# भाग ४

## भूल सुधार

खण्ड ५५, अतिरिक्ताङ्क ८(क) मिति २०६२।१।१६ को नेपाल राजपत्र भाग १ मा प्रकाशित शाही सन्देशको शीर व्यहोरामा "जाकार्तामा आयोजित एसियाली-अफ्रिकी शिखर सम्मेलन र चीनको बोआओमा आयोजित बोआओ फोरम फर एशियाको वार्षिक सम्मेलन" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ ।

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१०९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।